वीरेन्द्रनगर नगरपालिका

स्थानीय राजपत्र

खण्ड : १	संख्या : २१	मिति : २०७५/१०/२१

भाग : २

वीरेन्द्रनगर नगरपालिका

सहकारी नियमावली, २०७५

सहकारी ऐन, २०७४ को दफा १०३ ले दिएको अधिकार प्रयोग गरी नगर स्तरमा सहकारी संघ संस्था दर्ता, सञ्चालन, एवम् नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले वीरेन्द्रनगर नगरकार्यपालिकाको मिती २०७५/१०/२० गतेको निर्णय अनुसार यो नियमावली स्वीकृत गरी लागु गरिएको छ ।

परिच्छेद : १

संक्षिप्त नाम प्रारम्भ र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो नियमावलीको नाम “सहकारी नियमावली २०७५” रहेको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकासित भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमालीमा,

(क) “नियमावली” भन्नाले “सहकारी नियमावली २०७५” लाई सम्झनु पर्दछ ।

(ख) “ऐन” भन्नाले “सहकारी ऐन २०७४” लाई सम्झनु पर्दछ ।

(ग) “व्यबस्थापक” भन्नाले सस्था वा संघको व्यवस्थापक प्रबन्धक वा

कार्यकारी प्रमुख समेतलाई सम्झनुपर्छ ।

(घ) "प्राथमीक पूँजी" भन्नाले सस्था वा संघको शेयर पूंजि र जगेडा कोषको रकम समेतलाई सम्झनुपर्छ ।

(ङ) "कर्जा" भन्नाले चल अचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संघ सस्थाले सदस्यलाई दिएको कर्जाको साँवा, ब्याज, विलम्ब शूल्क र हर्जना समेतको रकम सम्झनुपर्छ ।

(च) "पेशागत संगठन" भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सहकारी कार्यालयहरू र त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित विद्यालय,विश्वविद्यालय वा अन्य संगठित सस्था समेतलाई सम्झनुपर्छ ।

परिच्छेद : २
नगर स्तरीय सहकारी संघ गठन

३. **नगरभित्र एक मात्र सहकारी संघ वा विषयगत सहकारी संघ गठन गर्न सकिने :**

(१) नगर भित्र सञ्चालित सहकारी व्यवसायको विकास प्रबर्धन र बजारीकरणको लागि नगर भित्र एक मात्र नगर स्तरीय सहकारी संघ गठन हुनेछ भने सहकारी संस्थाहले गर्ने कार्य प्रकृतिको आधारमा एक एक वटा विषयगत सहकारी संघ गठन गर्न सकिनेछ ।

परिच्छेद : ३
सहकारी संघ-संस्थाको दर्ता

४. **सहकारी संघ सस्थाको दताको लागि दरखास्त दिनु पर्ने :**

(१) सहकारी संघ संस्था दर्ता गर्न चाहनले देहायका कागजात संलग्न राखी ऐनको दफा ५ उपदफा १ मा उल्लेखित ढाँचामा दरखास्त दिनु पर्नेछ :

(क) अनुसूची-१ मा उल्लेख भए अनुसारको विषयमा प्रारम्भिक भेलाको निर्णयहरू २ प्रति

(ख) अनुसूची-२ मा उल्लेख भए अनुसारको विषय समेटिएको प्रस्तावित

विनियम २ प्रति

(ग) अनुसूची-३ मा उल्लेख भए अनुसारको सम्भाव्यता अध्ययन प्रतिवेदन २ प्रति

(घ) अनुसूची-४ मा उल्लेख भए अनुसारको व्यवसायिक कार्य योजना २ प्रति

(ङ) अनुसूची-५ मा उल्लेख भए अनुसारको सदस्यहरूको विवरण २ प्रति

(च) अनुसूची-६ मा उल्लेख भए अनुसारको संचालक समितिको विवरण २ प्रति

(छ) अनुसूची-७ को ढाँचामा सदस्यबाट संकलित शेयर रकमको भर्पाई,२ प्रति

(ज) अनुसूची-८ को ढाँचामा अधिकार प्रत्यायोजना-पत्र, २ प्रति

(२) प्रारम्भिक सहकारी संस्थाले उपनियम (१) उल्लेखित कागजातका अतिरिक्त पूर्व सहकारी शिक्षा लिएको प्रमाण समेत संलग्न गर्नु पर्नेछ ।

(३) ऐनको दफा ५ उपदफा २ अनुसार श्रमिक यूवा लगायतले गठन गर्ने सहकारी सस्था दर्ताका लागि नियम १ मा उल्लेख भएका कागजातका अतिरिक्त कानून वमोजिम दर्ता भएको संस्थावाट जारी गरिएको प्रमाण पत्र २ प्रति

(४) पेशागत संगठनका आधारमा दर्ता हुने सस्थाको हकमा उपनियम (१) उल्लेखित कागजातका अतिरिक्त प्रचलित कानुन बमोजिम गठन भएको संगठनको सहमति पत्र पेशागत संगठनवाट जारी गरिएको परिचय पत्रको प्रतिलिपी २ प्रति

(५) सहकारी ऐन २०७४ बमोजिम गठन हुने सस्थाको सदस्य कुनै एक प्रकृतिको एकमात्र संस्थामा सदस्य हुन सक्नेहुंदा सस्थाको सदस्यको अनुसूचि ९ वमोजिमको स्वघोषणा पत्र २ प्रति ।

(६) प्रारम्भिक सहकारी संस्थाले प्रत्येक सदस्यको नेपाली नागरिकता प्रमाण संलग्न गर्नु पर्नेछ ।

(७) कार्यक्षेत्रभित्र बसोबास गरेको पुष्ट्याई हुने प्रमाण (नागरिकता अन्य जिल्लाको भए बसाइ सराइ दर्ता प्रमाण पत्र) । २ प्रति

(८) सहकारी संघले सदस्य सहकारी संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपी लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी २ प्रति

(९) दर्ता अधिकारीले प्रारम्भिक सहकारी संस्था दर्ता गर्दा अनसूचि १० मा उल्लेख भए,अनुसारको कार्य प्रकृति आधारमा पहिचान खुल्ने गरी दर्ता गरी दिनु पर्नेछ ।

(१०) सम्बन्धित संस्थाको सञ्चालक समितिको निर्णय प्रतिलिपी

५. सहकारी संघ–संस्थाको दर्ता :

(१) नियम ४ अनुसार प्राप्त दरखास्त सहकारी ऐन २०७४ को दफा ६ को उपदफा १ अनुसारको पाइएमा दर्ता गर्ने अधिकारीले अनुसूचि १० को ढाँचाको दर्ता किताबमा दर्ता गरी सहकारी ऐन २०७४ अनुसूचि २ को ढाँचामा दर्ता प्रमाण पत्र दिनु पर्नेछ ।

(२) नगर क्षेत्र भित्र एक नामवाट एकमात्र सहकारी संस्था दर्ता गरिनेछ

(३) एकै नामका दुई सहकारी संस्थाको निवेदन प्राप्त हुन आएमा पहिले प्रकृया पूरा गरी प्राप्त हुन आएको नामको सहकारी संस्था दर्ता गरी पछि आउनेलाई नाम परिवर्तन गराएर मात्र दर्ता गराउनु पर्नेछ

(४) एकै समयमा नगर स्तरीय सहकारी संघ वा विषयगत सहकारी संघ दर्ताको निवेदन प्राप्त हुन आएमा पहिले प्रकृया पूरा गरी प्राप्त हुन आएका संघ दर्ता गरी प्रमाण पत्र दिनु पर्नेछ ।

परिच्छेद : ४

सहकारी संस्थाको कार्य क्षेत्र विस्तार, पुनर्निधारण तथा स्थानीकरण

६. सहकारी संस्थाको कार्य क्षेत्र विस्तार सम्बन्धमा :

(१) ऐनको दफा ६ अनुसार दर्ता भएका कुनै पनि सहकारी संस्थाले ऐनको दफा ९ को उपदफा २ अनुसार संस्थाको कार्य क्षेत्र विस्तार गर्न चाहेमा संस्थाको वार्षीक साधारण सभा वा विषेश साधारण सभावाट कूल सदस्य संख्याको बहुमत सदस्यको उपस्थितिवाट निर्णय गराइ दर्ता अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) कार्य क्षेत्र विस्तार गर्दा प्रति कार्यक्षेत्र बराबरको सदस्यको अनुपात पूरा हुने गरी अनुसूचि ५ मा उल्लेख भए अनुसारको सदस्यहरूको विवरण

(३) कार्य क्षेत्र विस्तार गर्दा दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको हुनु पर्नेछ,

(४) कार्य क्षेत्र विस्तार सदस्य सम्बन्धित कार्य क्षेत्र भित्र बसोबास गरेको सुनिश्चित हुनु पर्नेछ ,

(५) कार्य क्षेत्र विस्तार गर्दा,संस्थाको व्यवसायिक सक्षमता सदस्यले पाउने सेवाको गुणस्तर,परिमाण सहितको कार्ययोजना पेश गर्नु पर्नेछ ।

(६) नगर भरि कार्यक्षेत्र विस्तार गर्न भने संस्था संचालनमा आएको कम्तिमा ५ आर्थिक वर्ष पुरा भएको हुनु पर्नेछ ।

(७) लेखापरीक्षण प्रतिवेदन र सम्बन्धित कागजातबाट नगरपालिकाले जारी गरेको ऐन नियम मापदण्ड बमोजिम संचालन भएको, संस्थाको कारोवार उत्कृष्ट रहेको, सदस्य संख्यामा उल्लेख्य बृद्धि भएको र निरन्तर मुनाफामा संचालन भएको प्रमाणित हुनु पर्ने ।

(८) प्रचलित सहकारी ऐन, नियम र नगरपालिकाले जारी गरेको मापदण्ड र निर्देशनहरूको पालना गरेको विवरणलाई संस्थाको निरीक्षण प्रतिवेदनबाट पुष्टि हुनु पर्नेछ ।

(९) करको दायरा भित्र पर्ने सहकारी संस्थाले आन्तरिक राजस्व कार्यालयवाट स्थायी लेखा नम्बर लिएको र नियमानुसार कर दायित्व फरफारक गरेको हुनु पर्नेछ ।

(१०) कार्यक्षेत्र विस्तार गर्न साधारण सभाको स्वीकृति आबश्यक हुन पर्नेछ ।

(११) नगर भरी कार्यक्षेत्र विस्तार गर्न संस्थाको शेयर सदस्य संख्या ६०० भन्दा बढी भएको हुनु पर्ने पर्नेछ ।

७. सहकारी संस्थाको कार्य क्षेत्र पुर्ननिधारण :

(१) नगरपालिका भर कार्यक्षेत्र स्वीकृत भै संचालनमा रहेका संस्थाहरूले ३ आ व भित्र संचालन गरेको व्यवसायको कूल कारोबारको कम्तीमा पनि १ प्रतिशत भन्दा माथि प्रत्येक कार्य क्षेत्रमा कारोबार गर्नु पर्नेछ ।

(२) यस नियम लागु हुनु पूर्व दर्ता भै सचालनमा रहेका सहकारी संस्थाहरूले यो नियम लागु भएको ३ वर्ष भित्र उपनियम (१) वमोजिमको कारोबार प्रत्येक कार्य क्षेत्रमा गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको कारोबार नगरेका सहकारी संस्थाहरूलाई दर्ता गर्ने अधिकारीले कार्यक्षेत्र पुर्ननिधारणको लागि निर्देशन दिन सक्नेछ

(४) उपनियम (३) अनुसार निर्देशन पाएका सहकारी संस्थाले १ वर्ष भित्र

संस्थाको वार्षिक साधारण सभा वा विषेश साधारण सभावाट कूल सदस्य संख्याको बहुमत सदस्यको उपस्थितिमा कार्यक्षेत्र पुर्ननिधारण निर्णय गराइ दर्ता अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

८. सहकारी संस्थाको कार्य क्षेत्र विभाजन :

नगरपालिका भर कार्यक्षेत्र स्वीकृत भै संचालनमा रहेका एउटै सहकारी संस्थाले ठूलो भौगोलिक क्षेत्र ओगटी धेरै संख्यामा सदस्यता बितरण गरेको तर सदस्यको संख्या तथा भौगोलिक क्षेत्रको व्यापकताले व्यवस्थापन गर्न कठिनाइ परेको, र साधारणसभा सम्पन्न गर्न समस्या परेको अवस्थामा कार्यक्षेत्रको बिभाजन गरी स्थानियकरण गर्ने प्रक्रिया अवलम्वन गर्न सक्नेछन्

परिच्छेद : ४

सहकारी संघ-संस्थाले गर्न कारोबार व्यवसाय उद्योग परियोजना संचालन

९. सहकारी संघ–संस्थाले गर्न कारोबार व्यवसाय उद्योग परियोजनासञ्चालन :

(१) ऐनको दफा १२ को उपदफा (५) बमोजिम दुई वा दुईभन्दा बढी संस्था वा संघले संयुक्त रूपमा वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देहाय बमोजिमका आधारमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना संचालन गर्न सक्नेछन् :

(क) सम्बन्धित संस्थाको उत्पादनको मूल्य शृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रबन्धको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, संचालन विधि, सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरणलगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रूपरेखा तयार गरिएको हुनुपर्ने,

(ग) प्रस्तावित संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएको हुनुपर्ने,

(घ) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्बद्ध संस्थाहरू प्रत्येकको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(ङ) खण्ड (घ) बमोजिम पारित प्रस्तावना संयुक्त रूपमा वा साझेदारीमा

कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरू बीच कम्तीमा पाँच वर्षको करार बन्दोबस्त भएको हुनुपर्ने,

(च) प्रचलित कानुनबमोजिम स्थानीय तह वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानुनबमोजिम कुनै निकायबाट इजाजत, सहमति वा स्वीकृति लिनुपर्ने भए लिएको हुनुपर्ने ।

(ज) यस नियम बमोजिम स्थापना हुने व्यावसायिक फर्मलाई समबन्धित निकायबाट इजाजत, सहमति वा स्वीकृति दिने विषयमा कुनै विभेद गर्न पाइने छैन ।

(२) उपनियम (१) को अधीनमा रही अन्तरसहकारी सहयोगको भावनाले आवश्कता अनुसार एकै विषयगत वा फरक विषयगत संस्था र बहुउद्देश्यीय संस्था वा संघहरू मिल संयुक्त वा साझेदारी व्यवसाय संचालन गर्न सक्नेछन् ।

(३) उपनियम (१) बमोजिम कार्य पुरा गरी सम्बन्धित संघ संस्थाहरूले तत्सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदनउपर दर्ता अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारीले पन्ध्र दिनभित्र आवश्यक जाँचबुझ गरी संयुक्त रूपमा वा साझेदारीमा कारोबार, उद्योग वा व्यवसाय सञ्चालन गर्ने अनुमति दिन सक्ने छ ।

(५) उपनियम (४) बमोजिम अनुमति दिएकोमा दर्ता अधिकारी निजबाट अधिकार प्राप्त अधिकारीले सोको अभिलेख छुट्टै दर्ता कितावमा दर्ता गरी राख्नुपर्नेछ ।

(६) यस नियमबमोजिम दर्ता भएको संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजनाले नियमित रूपमा प्रगति प्रतिवेदनका साथै वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने छ ।

(७) संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजना संचालन सम्बन्धी अन्य विषयहरू निर्देशिका वनाइ व्यवस्थित गरिनेछ ।

परिच्छेद : ६
वार्षिक साधारणसभा लेखा सुपरिवेक्षण समिति सम्बन्धी व्यवस्था

१०. साधारण सभाको प्रतिवेदन :

(१) प्रत्येक सहकारी संघ वा संस्थाले साधारण सभा हुनु भन्दा १५ दिन अघि साधारण सभा हुने स्थान ,मिति र साधारण सभाको छलफलका विषयमा सदस्यहरूलाइ जानकारी दिनु पर्नेछ ।

(२) प्रत्येक सहकारी संघ वा संस्थाले साधारण सभा भएको ३ महिना भित्र साधारण सभाको उपस्थिति विवरण, सभाले गरेको निर्णय सहितको प्रतिवेदन दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

११. लेखा सुपरीवेक्षक समितिको योग्यता : सहकारी संस्थाको लेखा सुपरीवेक्षण समितिका संयोजक तथा सदयहरूका लागि देहायको योग्यता हुनु पर्नेछ

(१) एकै परिवारवाट एक भन्दा वढी व्यक्ति एउटै संस्थाको संचालक वा लेखा समितिको कुनै पदका लागि सदस्य हुन पाउने छैन ।

(२) लेखा समितिको सदस्यको नाम कालो सूचिमा नपरेको हुनु पर्नेछ ।

(३) आफू सोही प्रकृतिको अन्य संघ वा संस्थाको संचालक वा लेखा समितिको पदाधिकारी नरहेको हुनु पर्नेछ ।

(४) सहकारी लेखा व्यवस्थापन तालिम लिएको हुनु पर्नेछ ।

१२ लेखा सुपरीवेक्ष समितिको प्रतिवेदनमा उल्लेख हुनुपर्ने कुराहरू : प्रत्येक संस्था वा संघको लेखा समितिले देहायका विषयमा परीक्षण गरी अनुसूची-११ को ढाँचामा अनिवार्य रूपमा वार्षिक प्रतिवेदन साधारण सभा र सोको एक प्रति दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(१) व्यवस्थापन परीक्षण (खास गरी कर्मचारी व्यवस्थापन र सम्पत्तिको उचित प्रयोग र संरक्षणका वारेमा) ।

(२) साधारण सभा र विशेष साधारण सभाको निर्णयको कार्यान्वयनको अवस्था ।

(३) सञ्चालक समितिको वैठक, निर्णय र कार्यान्वयनको नियमितता ।

(४) बचत तथा ऋणको कारोवार गर्ने संघ संस्थाको हकमा ऋण लगानी प्रक्रिया र सुरक्षणको अवस्था ।

(५) नगरपालिकाद्वारा जारी मापदण्डहरूको कार्यान्वयनको अवस्था ।

(६) नगरपालिका वा सम्वन्धित संघहरूले अनुगमन निरीक्षण गर्दा देखाईएको कैफियत र सुझावहरूको कार्यान्वयनको अवस्था ।

(७) संस्था वा संघ पदाधिकारी र प्रमुख कार्यकारीले लिएका पारिश्रमिक, सुविधा र भत्ता सम्वन्धी विवरण ।

(८) कर्मचारी भर्ना प्रकृया ।

(९) शेयर सदस्यहरूलाई नियमानुसार दिईएको मुनाफा र अन्य थप सुविधाहरू ।

(१०) लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विषयहरू ।

परिच्छेद : ७
बचत तथा ऋण परिचालन

१३. व्यक्तिगत वचतको सिमा : कुनै पनि सदस्यले सहकारी संघ वा संस्थामा निजले लिएको शेयर रकमको १५ गुणासम्म मात्र वचत जम्मा गर्न पाउनेछन्

१४. व्यक्तिगत ऋण लगानीको सिमा :

(१) कुनै पनि सहकारी संघ वा संस्थाले सदस्यले जम्मा गरेको शेयर रकम र वचत रकमको कूलजोडको १० गुणा सम्म मात्र रकम कुनै एक सदस्यलाई जमानीको आधारमा ऋण लगानी गर्न पाउनेछन् ।

तर संघ वा संस्थाले जेथा जमानी नभएका सदस्यहरूलाई कुनै वा केही सदस्यहरूको निक्षेप धितो रहने शर्तमा वा संस्थाको स्वीकृत नीति बमोजिम बिना धितो लघु ऋण लगानी गर्न वाधा पर्ने छैन ।

(२) ऋण प्रदान गर्दा ऋण लगानीको उद्देश्य खुलाउन पर्नेछ र संस्थाको उद्देश्य अनुसार स्वीकृत परियोजनाको आधारमा ऋण लगानी गर्नु पर्नेछ ।

१५. ब्याजदर सम्बन्धी व्यवस्था :

(१) संस्थाले कर्जा र निक्षेपको ब्याज दर निर्धारण गर्दा विभेदकारी व्यवस्था र व्यवहार गर्न पाईने छैन । लिने दिने व्याज दरमा विभेद गरेको पाइएमा त्यस्तो विभेदबाट संस्थालाई हानी पुऱ्याइएको रकम सञ्चालकहरूबाट असूल उपर गरिनेछ ।

(२) विभिन्न नामको निक्षेपमा दिइने व्याज दर र विभिन्न कर्जामा लिइने

व्याज दरको अन्तर ३ प्रतिशत भित्र कायम राख्नु पर्नेछ ।

(३) निक्षेप र कर्जाको ब्याजदर अनिवार्य रूपले संचालक समितिबाट निर्णय गराई लागू गर्नु पर्नेछ ।

(४) ब्याजदर परिवर्तनको सूचना शेयर सदस्यहरूको जानकारीका लागि सार्वजनिक रूपमा एक पटक प्रकाशित गर्न सकिनेछ ।

(५) कर्जामा सम दर तथा चक्रवृद्धि ब्याज लगाउन पाईने छैन ।

(६) विभिन्न किसिमका वचतमा दिइने व्याज दर साधारण सभाले स्वीकृत गरेको वचत नीति अनुसार हुनेछ ।

१६. तरलता सम्बन्धी व्यवस्था :

(१) बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने प्रत्येक संस्थाले कूल निक्षेप रकमको कम्तिमा १५ प्रतिशत रकम तरलता राख्नु पर्नेछ । नगद मौज्दात, बैंक मौज्दात, सरकारी ऋण पत्रमा गरिएको लगानी र सहकारी बैंक तथा वचत तथा ऋण सहकारी संघमा रहेको निक्षेप रकमलाई तरलताको रूपमा गणना गरिनेछ ।

(२) प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मानी तरलताको गणना गर्नु पर्नेछ ।

१७. सदस्यको रकम फिर्ता :

(१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ४३ को उपदफा (१) बमोजिम निजले पाउनुपर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको ९० दिनभित्र संस्थाले निजलाई फिर्ता दिनुपर्नेछ ।

(क) निजको शेयरको अंकित मूल्य बराबरको रकम,

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांशवापतको रकम र

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पुँजी फिर्ता बापतको रकम ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पुँजीबाट समानुपातिक रूपमा घटाई बाँकी रहेको हिसावमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनुपर्नेछ ।

(३) ऐनको दफा ३९को उपदफा (७) बमोजिम संस्थामा जम्मा गरेको बचत रकम तोकिएको समय सीमा भित्र सदस्यले मागेका बखत

व्याजसहित फिर्ता दिनु पर्नेछ ।

१८. **अन्य कोष सम्बन्धी व्यवस्था ऐन** : यो नियममा उल्लेख भएका बाहेकका अन्यकोष सम्बन्धमा संघ वा संस्थाको विनियममा उल्लेख भए अनुसार हुनेछ ।

१९. **संरक्षित पूँजी फिर्ता कोष वितरणका आधार** :

(१) ऐनको दफा ४८ को उपदफा (२) बमोजिम संरक्षित पुँजी फिर्ता कोषको रकम वितरण गर्दा बासलातले देखाएका वार्षिक कारोबारमा सदस्यले गरेको योगदानको आधारमा वितरण गरिनेछ

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि १ वर्ष भन्दा वढी ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको व्याजको आधारमा संरक्षित पुँजी फिर्ता दिइनेछैन ।

(३) गत आर्थिक वर्षको कारोबारको संरक्षित पुँजी फिर्ता कोषको रकम चालु आर्थिक वर्षभित्र वितरण गरिसक्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम कुनै आर्थिक वर्षमा वितरण हुन नसकी बाँकी रहेको रकम सोहीआर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नुपर्नेछ ।

परिच्छेद : ८
अभिलेख तथा सूचना

२०. **अभिलेख** :

(१) ऐनको दफा ५१ को उपदफा (१) मा उल्लेखित कुराका अतिरिक्त देहायका किताव, खाताबही तथा विवरण समेत राख्नुपर्नेछ :-

(क) शेयर दर्ता किताव,

ख) नगद आम्दानी रसिद,

(ग) उप-समितिहरूको बैठकहरूको छुट्टाछुट्टै कारबाही किताव,

(घ) व्यक्तिगत वचत खाता,

(ङ) मालसामानको मौज्दाता (स्टक) दर्ता किताव,

(च) ऋण लेनदेन दर्ता किताब,

(छ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू,

(ज) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा संघ वा निकायसँग

कुनै कारोबार गरेको भए सो कारोबार देखाउने दर्ता किताव,

(झ) बेरुजु एवं सम्परीक्षण खाता,

(ञ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू,

(ट) समय-समयमा नगरकार्यपालिकाले ताकिदिएको अन्य अभिलेख एवं खाताहरू ।

(२) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण नगर कार्यपालिकाले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नुपर्ने छ । तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचतलगायतका प्रचलित कानुन बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुर्याएको मानिने छैन ।

(३) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोबारको विवरण पृष्ठसुरक्षा (व्याकअप) व्यवस्थासहित संरक्षण गर्नुपर्नेछ ।

२१. **विवरण उपलब्ध गराउने** : प्रत्येक सहकारी संघ संस्थाले ऐनका दफा ५२ मा उल्लेख भएका विवरणको साथसाथै अनुसूची-१३ अनुसारको विवरण आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र दर्ता अधिकारी समक्ष पठाउनु पर्नेछ ।

परिच्छेद : ९
छुट सुविधा र सहुलियत

२२. **छुट सुविधा र सहुलियत** : ऐनका दफा ५७ को उपदफा (१) बमोजिम छुट सुविधा र सहुलियत सम्बन्धी व्यवस्थाहरू देहाय बमोजिम हुनेछन् :

(१) नगर क्षेत्र भित्र दर्ता भै सञ्चालन रहेका सहकारी संघ संस्थाहरूले संचालन गरेको अन्य व्यवसायलाई पुनः दर्ता गर्नु गराउनु पर्ने छैन ।

(२) संस्था वा संघले गरेको अचल सम्पत्तिको लेनदेन वा खरीद बिक्री सम्बन्धी कागजपत्र वा कुनै किसिमको सिफारिसमा सिफारिस दस्तुर लाग्ने छैन ।

(३) संघीय कानून अनुसार सहकारी संघ संस्थाहरूले पाउने अनुदान तथा भन्सार छुटको सिफारिसमा सिफारिस दस्तुर लाग्ने छैन

(४) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्था बाहेकका अन्य

व्यवसाय संचालन गरी १० जना भन्दा बढी व्यक्तिलाई रोजगारी दिने सहकारी संस्थालाई नगरपालिकाको आर्थिक ऐनमा उल्लेख गरी कर छुटको व्यवस्था हुनेछ ।

२३. ऋण तथा बाँकी बक्यौता असुली :

(१) ऐनको दफा ३९ बमोजिमको संस्था वा संघको ऋण र दफा ५८ बमोजिम संस्था वा संघको बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम विक्री गरी असुल उपर गर्दा संस्था वा संघले देहायका कार्यविधि अपनाउनु पर्नेछ ।

(क) बाँकी बक्यौता तिर्न बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा पैंतीस दिनभित्र तिर्न बुझाउनु पर्ने रकम तिर्न बुझाउनु आउनु र उक्त रकम तिरी बुझाइ सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी पूर्जी पठाउनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम म्याद पुर्जी जारी गरिएकोमा उक्त म्याद भित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाइसकेको प्रमाण पेश नगरेमा निजको नाउँमा लिलाम विक्रि गर्ने सूचना प्रकाशित गर्नु पर्नेछ ।

(ग) धितो राखेको घर जग्गा-जमीन मालपोत कार्यालयबाट रोक्का गराइएको छैन भने रोक्का गर्न लगाई त्यसको प्रमाण राख्नु पर्नेछ ।

(घ) धितो राखेको चल अचल सम्पत्तिको लिलाम विक्रीको सूचना प्रकाशित गर्नु पर्दा धितोको विवरण निजले बुझाउनु पर्ने साँवा, व्याज र हर्जनाको रकम समेत उललेख गरी सूचना प्रकाशित गरेको मितिले चल सम्पत्ति भए पन्ध्र दिनभित्र र अचल सम्पत्ति भए पैंतीस दिन भित्र लिलाम विक्रि गरी साँवा व्याज र हर्जनाको रकम असूल उपर गर्ने बारेको सूचना स्थानीय वा राष्ट्रिस्तरको कुनै एक दैनिक पत्रपत्रिकामा प्रकाशित गरी संस्थाको कार्यालय वा स्थानीयतह वा सम्बन्धित वडा कार्यालयमा टाँस गर्नुपर्नेछ । साथै ऋणीले तोकिएको अवधिमा साँवा व्याज र हर्जना तिर्न बुझाउन नआएमा सूचना प्रकाशति भएको मितिले १६ औं/३६ औं दिनमा सम्बन्धी संस्थामा रहेको धितो लिलाम विक्रि गर्ने छ भने लिलाम विक्रि नभएमा संस्था स्वयम्ले सकार गर्नेछ ।

(ङ) लिलाम विक्रि गर्नु पूर्व संस्थामा रहेको धितोको प्राविधिक मूल्यांकन गर्नु पर्नेछ ।

(च) लिलाम विक्रि गर्दा कार्यालय खुल्ने समयदेखि शुरु गरी बन्द हुने समय भन्दा एक घण्टा अगाडि समाप्त गर्नु पर्नेछ तर लिलाम विक्रि हुने भनी तोकिएको दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम विक्रि गर्नु पर्नेछ ।

(छ) धितो लिलाम विक्री को लागि सम्बन्धित वडाको प्रतिनिधि, स्थानीय तहको मालपोत हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक, सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलन चल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ गरी सुरु गर्नुपर्नेछ । डाँक बोल्न उपस्थित भई डाँक बढाबढ गर्ने व्यक्तिहरू मध्ये सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम विक्री स्वीकृति गर्नुपर्नेछ। तर सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उप समितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग दिन पाउने छैन ।

(ज) डाँक बोल्न शुरु गरी बढाबढ गर्नेले डाँक अंक बोलपछि विनियम/कार्यविधिले तोक बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अंक स्पष्ट खोली निजको सही छाप गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिलाम विक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम विक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र गाउँपालिका वा नगरपालिका वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराई लिलाम विक्री गर्नुपर्ने छ ।

(३) लिखित रूपमा अनुरोध गर्दा पनि उपनियम (२) मा लेखिएका कुनै कार्यालयको प्रतिनिधि खटी नआएमा उपस्थित प्रतिनिधि र नगरपालिकाका वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम विक्री गर्नुपर्नेछ ।

(४) बाँकी बक्यौता असुल उपर गर्न जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम विक्री गरिने हो सो व्यक्तिलाई लिलाम विक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ ।

तर त्यसरी लिलाम विक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम विक्री गर्न बाधा पुगेको मानिने छैन ।

२४. **लिलाम विक्री स्थगित गर्न सक्ने** : लिलाम विक्रीको सूचना प्रकाशित भैसकेको मुनासिव माफिकको कुनै कारण परी सो लिलाम विक्री स्थगित गर्नु पर्ने देखिएमा लिलाम विक्रीको सुचना प्रकाशित गर्ने सहकारी संस्थाले त्यस्तो लिलाम विक्री केही समयको लागि स्थगित गर्न सक्ने छ ।

२५. **असुल उपर हुन नसकेको रकम अरु आयजेथाबाट असुल उपर गर्ने** :

(१) धितो राखेको सम्पत्ति लिलाम विक्री गर्दा आएको रकमबाट साँवा, व्याज र हर्जनाको रकम असुल उपर हुन नसकेमा बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको हक भोगको नेपालको जुनसुकै ठाउँमा रहेको सम्पत्तिबाट नियम २३ को कार्यविधि अपनाई लिलाम विक्री गरी असुल उपर गर्नुपर्नेछ ।

(२) भूमि सम्बन्धी ऐन, २०२१ अनुसार मोही लागेको जग्गा जग्गाधनी र मोहीका विच जग्गा बाँडफाँड हुने व्यवस्था भई मोहीलाई जग्गाको स्वामित्व दिलाउने व्यवस्था भएको हुँदा त्यस्तो ऋणी मोहीको स्वामित्वमा आउने हक हिस्साबाट समेत लिलाम विक्री गरी असुल उपर गरिने छ ।

(३) मोहीले लिएको ऋणको हकमा निजले कमाएको वाली लिलाम विक्री गरी साँवा, व्याज र हर्जनाको रकम असुल उपर गर्नुपर्नेछ ।

(४) उपनियम (१), (२) र (३) बमोजिम लिलाम विक्री गर्दा लिलाम विक्री हुने दिनसम्मको साँवा, व्याज र हर्जनाको रकम असुल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तीलाई फिर्ता गर्नु पर्नेछ ।

२६. **लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने** :

(१) लिलाम विक्रीको कार्य सकिना साथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मुल्यको दश प्रतिशत रकम उसै दिन धरौटीको रूपमा लिई राख्नु पर्नेछ । बाँकी रकम बुझाउन ७ दिनको म्याद दिइनेछ । उक्त म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी वापत राखेको रकम जफत हुने व्यहोराको कागज गराई राख्नु पर्नेछ ।

(२) लिलाम सकार्ने व्यक्तिको सकार गरेको मुल्यको दश प्रतिशत रकम उसै दिन नबुझाएमा निजपछि सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नुपर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पुरा मूल्य बुझाएमा निजको नाउँमा सो जायजेथामा प्रचलित कानुन

बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज समेत गरी दिनको लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

२७. **जायजेथा फिर्ता दिनुपर्ने** : नियम २३ उपनियम (१)खण्ड (घ) बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनु पर्ने साँवा र अघिल्लो दिन सम्मको व्याज, हर्जना र लिलाम प्रक्रिया सँग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा फिर्ता दिनुपर्नेछ ।

२८. **सहकारी संघ-संस्थाले ऋणमा लिने हर्जना**

(१) सहकारी संघ संस्थावाट गरेको ऋण लगानी गर्दा सदस्यले तिर्नु पर्ने प्रत्येक किस्ताको साँवा र व्याज मिति तथा लाग्ने हर्जना समेत खुलेको विवरण २ प्रति तयार गरी एक प्रति ऋणीलाई बुझाइ एक प्रति निज व्यक्तिको ऋण फाइलमा राख्नु पर्नेछ ।

(२) सहकारी संघ संस्थावाट गरेको ऋण लगनीमा देहाय वमोजिम बाहेक अन्य कुनै प्रकारको हर्जना लिन पाउने छैनन्

(क) प्रत्येक किस्ताको साँवा र व्याज भुक्तान गर्नु पर्ने भाखा (म्याख) समाप्त भएको ३ महिना सम्म निजले तिर्नु पर्ने व्याजमा दरमा थप २% सम्म हर्जना सम्म लगाउन सक्ने छन्

(ख) प्रत्येक किस्ताको साँवा र व्याज भुक्तान गर्नु पर्ने भाखा (म्याख) समाप्त भएको ६ महिना सम्म निजले तिर्नु पर्ने व्याजमा दरमा थप ३% सम्म हर्जना लगाउन सक्ने छन्

(ग) प्रत्येक किस्ताको साँवा र व्याज भुक्तान गर्नु पर्ने भाखा (म्याख) समाप्त भएको १ वर्ष सम्म निजले तिर्नु पर्ने व्याजमा दरमा थप ५% हर्जना लगाउन सक्ने छन्

(३) १ वर्ष सम्म साँवा र व्याज भुक्तान नगर्ने ऋणीलाई सहकारी संघ संस्थाको विनियम तथा वचत तथा ऋण परिचालन निर्देशिका अनुसार खराब सूचिमा राखी आवश्यक प्रकृया अगाडि बढाउन सक्नेछन्

२९. **कालो सूची सम्बन्धी व्यवस्था** :

(१) ऐनको दफा ५९ बमोजिम बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको ऋण प्रवाहमा शुद्धता र उपयुक्तता कायम गर्ने दफा १०४ अनुसार कालो सूची सम्बन्धी निर्देशन जारी गरी लागु गर्न सक्नेछ ।

३०. **कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था** : कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय तथा प्रदेश कानूनमा उल्लेख भए अनुसार हुनेछ ।

परिच्छेद : १०
सहकारी संस्थाको एकीकरण विभाजन खारेजी

३१. **सहकारी संस्थाको एकीकरण** : ऐनको दफा ६५ को उपदफा (१) बमोजिम दुई वा दुई भन्दा बढी संस्थाहरू एकीकरण गर्दा देहायका प्रकृया अपनाउनु पर्नेछ ।

(१) एकीकरण हुन चाहने सम्बन्धित संस्थाको साधारण सभाको दुई तिहाइ सदस्यको उपस्थितिमा संस्था एककिरण गर्ने सम्बन्धमा निर्णय गरेको हुनु पर्नेछ र निर्णयमा देहायका विषयहरू समावेश हुनु पर्नेछ ।

(क) एकीकृत संस्थाको नाम एकिकृत हुने संस्था मध्ये कुन संस्थाको नाम राख्ने हो वा नयां नाम के राख्ने हो सो को उल्लेख गर्ने र संस्थाको कार्यालय कहाँ रहने हो ठेगाना समेत उल्लेख गर्ने ।

(ख) एकीकृत संस्थाको कार्य क्षेत्र कति रहने हो सो एकिन गर्ने । कार्य क्षेत्र एकिन गर्दा नियमावलीमा रहेको व्यवस्थाको अनुसरण गर्ने ।

(ग) कुन कुन संस्थासंग एकिकरण गर्ने हो सो उल्लेख गर्ने ।

(घ) कुन संस्थाको विनियम स्वीकार गर्ने हो वा नयाँ विनियम तर्जुमा गर्ने वा कुनै विनियममा संशोधन गर्ने हो उल्लेख गर्ने ।

(ङ) सम्बन्धित संस्थाको शेयर पूँजिको रकम, विनियममा व्यवस्था भए बमोजिमका कोषमा रहेको रकममा एकिकृत संस्थामा के कसरी समावेश गर्ने र उपयोग गर्ने तरिका (जस्तै : एकिकृत हुने संस्थाहरूको शेयर पूँजिको रकम र संस्थाको विभिन्न कोषमा रहेको रकम तथा सदस्य संख्या सामान्यतया असमान हुन्छन ।)

(च) संस्थाको सम्पत्ति एकिकृत संस्थामा के कसरी प्रयोग गर्ने र दायित्वहरू के कसरी भुक्तानी गर्ने सो सम्बन्धी विषय ।

(२) एकीकरण हुने संस्थाहरूको अघिल्लो आर्थिक वर्षसम्मको लेखा परीक्षण साधारण सभाबाट अनुमोदन गराएको हुनु पर्नेछ र चालु आर्थिक वर्षको कारोवारको आन्तरिक लेखा परीक्षण गरी सो को प्रतिवेदन समेत तयार गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा उल्लेख भए बमोजिमका विषयहरू समावेश भएको सम्बन्धित संस्थाको साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि सहित दर्ता अधिकारी समक्ष आवेदन गर्नु पर्नेछ ।

(४) कार्यक्षेत्र एक अर्का सँग जोडिएको हुनु पर्ने,

(५) एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय कार्यक्षेत्र विस्तार हुन सक्नेछ ।

(६) संस्थाहरूको एकीकरण गर्दा विषयगत कार्य मिल्ने गरी गर्नु पर्नेछ ।

(७) उपदफा (२) बमोजिम संस्था एकिकरणका लागि आवेदन परेमा सहकारी अधिकृतले जाचवुझ गरी संस्थाको एकिकरण गरी दिने र मुल संस्थाको दर्ता कायम राखी अन्य संस्थाको लगत कट्टा गर्ने । एकिकृत संस्थाको विनियममा “एकिकृत हुने संस्थाको नामबाट भए गरेका काम कारवाही यस विनियम बमोजिम भए गरेको मानिने” प्रावधान राख्ने ।

(८) एकीकरण हुने सहकारी संस्थाहरूलाई कार्यक्षेत्र र करमा विशेष सहुलियत दिन सकिने छ ।

३२. **सहकारी संस्थाको विभाजन** : ऐनको दफा ६५ को उपदफा (१) बमोजिम कुनै एक सहकारी संस्थालाई दुई वा दुई भन्दा बढी संस्थाहरू विभाजन गर्दा देहायका आधारमा गरिनेछ ।

(१) विभाजन हुन चाहने सम्बन्धित संस्थाको साधारण सभाको दुई तिहाइ सदस्यको उपस्थितिमा संस्था विभाजन गर्ने सम्बन्धमा निर्णय गर्ने ।

(२) साधारण सभाबाट संस्थाको विभाजन गर्ने निर्णय गर्दा देहायका विषय खुलाउनु पर्नेछ ।

(क) कति जना सदस्यहरू संस्थाबाट अलग हुने हुन सो को नाम नामेसी र निजहरूले लिएको शेयर रकमको विवरण ।

(ख) संस्थाको विनियम बमोजिमका कोषहरूका छुट्टाइएको रकमको बाँडफाड सम्बन्धी विवरण ।

(ग) संस्थाको नाफा नोक्सानको बाँडफाड सम्बन्धी विवरण ।

(घ) संस्थाको सम्पत्ति तथा दायित्व बाँडफाड सम्बन्धी विवरण ।

(ङ) अन्य आवश्यक विवरण ।

(३) उपनियम (१) बमोजिमका विवरण समावेश भएको साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि र उपनियम(२) बमोजिमको प्रतिवेदन

समेत संलग्न गरी दर्ता अधिकारी समक्ष नयां संस्था दर्ताको लागि आवेदन पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम संस्था दर्ताका लागि आवेदन परेमा संस्था दर्ता गर्दा अपनाउनु पर्ने प्रकृया पुरा गरी सहकारी कानून र नगरपालिकाको परिपत्र तथा निर्देशनको अधिनमा रही नयां संस्था दर्ता गरिदिने । त्यसरी दर्ता गर्दा सो संस्था मुख्य संस्थाबाट विभाजित भएको पहिचान खुल्ने व्यवस्था गर्ने ।

३३. **सहकारी संघ संस्थाको खारेजी** : यो नियम जारी भए पश्चात देहायको अवस्थामा सहकारी संघ संस्थाहरूको दर्ता खारेज हुनेछ । यसरी दर्ता खारेज भएमा संस्था वा संघ विघटन हुनेछ र दर्ताको प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

(१) संस्था वा संघको साधारण सभाको कूल सदस्य संख्याको दुई तिहाई बहुमतले संस्था वा संघ विघटन गर्ने निर्णय गरी दर्ता अधिकारी समक्ष निवेदन दिएमा

(२) लगातार ३ आ.व.सम्म दर्तावाल लेखापरीक्षकवाट लेखापरीक्षण नगराएमा

(३) कुनै संस्था वा संघद्वारा आफ्नो उद्देश्य विपरीत कार्यगरेको पाईएमा

३४. **एकीकरण र विभाजनमा संघको भूमिका** : नियम ३० र ३१ बमोजिम सहकारी संस्थाहरूको एकिकरण र विभाजन गर्नु पर्दा सम्बन्धित सहकारी संघले समन्वयकारी भुमिका खेल्नुपर्नेछ ।

३५. **लिक्वीडेटर नियुक्ति** :

(१) ऐनको दफा ६६ को उपदफा (२) बमोजिम रु. पांच लाखसम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले आफु मातहतका अधिकृत वा कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

(२) उपनियम (१) भन्दा माथिको हकमा नगर सहकारी प्रबर्द्धन समितिले योग्यता पुगेको व्यक्तिलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

३६. **लिक्वीडेटरको काम, कर्तव्य र अधिकार** :

(१) ऐनको दफा ६६ अन्तर्गत नियुक्त लिक्वीडेटरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) विघटन भएका संस्था वा संघबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नको लागि सो संस्था वा संघ वा हालवाला वा साविकवाला

सदस्यहरू वा मृत सदस्यहरूको जायजेथाबाट बाँकी रकम नियम २१ र २३ को कार्यविधि अपनाई असुल उपर गर्ने ।

(ख) विघटन भएका संस्था वा सङ्घसँग कुनै साहुको कुनै रकम बाँकी राखेको रहेछ र सो कुरा संस्था वा सङ्घको वा सङ्घकै हिसाब किताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्याद भित्र सो रकमको दावा गर्न आउनु भनी वा सो बाँकी रहेकौ प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दावा गर्न आउनु भनी सूचना गर्ने ।

(ग) साहुहरूमध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने ।

(घ) संस्था वा संघ विघटन गर्ने सिलसिलामा संस्था वा सङ्घको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(ङ) दर्ता अधिकारीको पूर्व स्वीकृति लिई संस्था वा सङ्घले गरेको वा संस्था वा सङ्घको विरुद्धमा गरिएको दावीको सम्बन्धमा दुवै पक्ष बीचमा मिलापत्र गराउन ।

(च) विघटनको लागि आवश्यक देखेमा सदस्यहरूको बैठक बोलाउने ।

(छ) संस्था वा संघको सम्पत्ति बेचविखन गर्ने ।

(ज) सरोकारवालाहरूसँग समेतको परामर्शमा संस्था वा सङ्घको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने ।

(२) उपनियम (१) बमोजिमको अधिकारहरूको प्रयोग गर्दा लिक्वीडेटरले आवश्यक सम्झेमा संस्था वा सङ्घको गठन, काम, कर्तव्य वा अन्य कुराहरूको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरू र संस्था वा सङ्घको कुनै कर्मचारीलाई आफु समक्ष उपस्थित गराई सोधपुछ गर्न सक्नेछ ।

३७. **लिक्वीडेशन नियन्त्रण गर्ने दर्ता अधिकारीको अधिकार** : नियम ३६ बमोजिमको अधिकार प्रयोग गरी लिक्वीडेटरले गरेको कामलाई दर्ता अधिकारीले दोहोऱ्याई हेरी देहाय बमोजिम गर्न सक्नेछ ।

(क) निर्देशन विपरित लिक्वीडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकता अनुसार अर्को आदेश जारी गर्ने ।

(ख) संस्था वा संघको खाताबही, कागजात, लिखत र जायजेथाहरू पेश गराउने ।

(ग) नियम ३६ बमोजिमको लिक्वीडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद बन्देज तोकिदिने ।

(घ) लिक्वीडेटरल जाँचेको हिसाब किताबको प्रतिवेदन लिने,

(ङ) संस्था वा संघको जायजेथा वितरण गर्ने अधिकार दिने । ,

(च) लिक्वीडेष्टरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देहशन दिने

(छ) लिक्वीडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न ।

३८. **लिक्वीडेशन कामको समाप्ति :**

(१) ऐनको दफा ६६ अन्तर्गत दर्ता खारेज गरिएको कारण विघटन भएको संस्था वा संघको कोषबाट देहाय बमोजिमको प्राथमिकता क्रम अनुसार देहायमा लेखिएका कामको लागि खर्च गर्न सकिनेछ :-

(क) विघटनको कामको निमित्त भएका खर्चहरू फछ्र्यौट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलब भत्ता दिन,

(घ) ऋृण भुक्तानी गर्न ,

(ङ) अन्य भुक्तानी दिनुपर्ने रकमहरू दिन,

(च) शेयर पुँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको समय जतिको हकमा प्रति वर्ष शेयर पुँजीको अठार प्रतिशतका दरमा नबढ्ने गरी लाभांश वितरण गर्न ।

(२) कुनै संस्था वा संघको विघटनको काम समाप्त भै सकेपछि पनि सो संस्था वा संघको कुनै साहुले वितरणको योजना अनुसार पाउनु पर्ने कम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्था वा संघको कोष उपर त्यस्तो साहुले आफुले पाउनुपर्ने रकमको निमित्त दाबी गरिसक्नु पर्नेछ । सो म्याद नाघेपछि परेका दावी उपर कुनै कारवाही हुने छैन ।

३९. **लिक्वीडेशन पछिको सम्पत्तिको उपयोग :** ऐनको दफा ६८ बमोजिम सहकारी संस्थाको लिक्वीडेशन पश्चात बाँकी रहन गएको सम्पत्तिको उपयोग देहाय बमोजिम हुनेछ ।

(क) सम्बन्धित सहकारी संस्थाको विनियममा भएको व्यवस्था बमोजिम बाँकी भएको सम्पत्तिको उपयोग गर्न सकिनेछ ।

(ख) खण्ड (क) बमोजिम विनियममा व्यवस्था नभएको अवस्थामा सम्बन्धित सहकारी संस्थाको बुहमत सदस्यको निर्णय बमोजिम सम्पत्तिको उपयोग गर्न सकिनेछ ।

परिच्छेद : ११
दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार

४०. **दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार :** ऐनको दफा ७० बमोजिम दर्ता अधिकारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सहकारी संस्था दर्ता गर्नको लागि परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरी सहकारी संस्था दर्तागर्ने र दर्ताको प्रमाणपत्र दिने,

(२) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाले आफ्नो कार्य संचालन गर्न बनाएको विनियम स्वीकृत गर्ने,

(३) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाको निर्णय बमोजिम एकीकरण, विभाजन तथा कार्यक्षेत्र स्वीकृत गर्ने,

(४) सहकारी संस्थाको निरिक्षण तथा हिसाब किताब जाँच गर्ने गराउने प्राप्त प्रतिवेदनको आधारमा आवश्यक निर्देशन दिने

(५) तोकिएको अवधिभित्र लेखापरिक्षण नगराउने सहकारी संस्थाहरूको लेखापरिक्षण गराउन निर्देशन दिने,

(६) ऐन तथा यस नियमावली बमोजिम आफुलार्य प्राप्त अधिकारहरू आवश्यकता अनुसार आफु मातहतका अधिकृतलाई पत्यायोजन गर्ने ।

परिच्छेद : १२
निरिक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था

४१. **निरिक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था :**

(१) प्रत्येक सहकारी संघ संस्थाहरूले नगरपालिकाले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भई आफ्नो संस्थाको विवरण प्रविष्टि गर्नु पर्नेछ ।

(२) नियम ३९ उपनियम (७) बमोजिम तोकिएका मापदण्डहरूको पालनाको

अवस्था र उपनियम (१) बमोजिमको सूचना प्रणालीको आधारमा नगर कार्यपालिकाल नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल निर्देशन दिनेछ ।

(३) ऐनका दफा १०४ बमोजिम यस नियम बमोजिम हुने निरिक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

४२. बचत तथा ऋण सहकारी संस्थाको निरिक्षण वा हिसाब किताब जाँच :

(१) ऐनको दफा ७१ उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैङ्कले रु. २५ करोड भन्दा बढीको बचत तथा ऋण सहकारी संस्थाको निरिक्षण वा हिसाब किताब जाँच गर्न, गराउन सक्नेछ ।

स्पष्टीकरण : यस नियमको प्रयोजनका लागि आर्थिक कारोबार भन्नाले सहकारी संस्थाको पछिल्लो आर्थिक वर्षको वासलातको जम्मा जायजेथाको रकम सम्झनुपर्छ ।

(२) रु. १० करोड भन्दा बढीको बचत तथा ऋण सहकारी संस्थाको अनुगमन गर्दा दर्ता अधिकारीले नगर विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ सहकारी बैंकका प्रतिनिधिको समेत सहयोग लिन सक्नेछ ।

(३) ऐनको दफा ७७ उपदफा (२) वमोजिमका समस्याग्रस्त सहकारीको अनुगमन तथा हिसाब जाँचका लागि नेपाल राष्ट्र बैङ्कको प्रतिनिधि वा सहकारी लेखा विज्ञको सहयोग लिन सक्नेछ ।

४३. वार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विवरण : ऐनको दफा ७४ उपदफा (३) को खण्ड (ड) बमोजिम दर्ता अधिकारीले पेश गर्ने वार्षिक निरिक्षण प्रतिवेदनमा सहकारी संघ संस्थामा वर्तमानमा देखा परेका समस्याहरू र समाधानका उपायहरू समेत समावेश हुनुपनेछ ।

४४. स्थिरीकरण कोष :

(१) बचत तथा ऋण सहकारी संस्थाहरूलाई सम्भावित जोखिमवाट सुंरक्षण गर्नका लागि ऐनको दफा ७६ बमोजिमको स्थिरीकरण कोषमा वचत तथा ऋणको कारोबार गर्ने प्रत्येक सहकारी संस्थाले प्रति वर्ष खुद वचतवाट ऐनको दफा ४७, ४८ र ४९ अनुसारको रकम छुट्याइ

बाँकी रकमको ५% रकम जम्मा यस कोषका लागि छुट्यानु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको रकम जम्मा गर्नको लागि एक कोष स्थापना गरिनेछ ।

(३) बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरूको परामर्शमा स्थिरीकरण कोष स्थापना सञ्चालन तथा नियमन कार्यविधि नगर कार्यपालिकाले जारी गर्नेछ ।

(४) उपनियम (२) बमोजिमको कोषमा बचत तथा ऋण (वित्तिय) को कारोबार गर्ने संस्थाहरूको आवद्धता अनिवार्य हुनेछ ।

(५) उपनियम (३) बमोजिम कार्यविधि बनाउँदा कोषको रकम उपयोगको प्राथमिकता अनुगमन र जोखिम व्यवस्थापनमा आधारित हुने गरी बनाउनुपर्नेछ ।

४५. अन्तर सहकारी कारोबार :

(१) ऐनको दफा ९७ बमोजिम अन्तर सहकारी कारोबार गर्दा संलग्न संस्थाहरूको विनियममा निर्धारित सदस्यहरूको आवश्यकतको आधार लिएको हुनुपर्नेछ ।

(२) संघले सदस्यता स्तरका स्थानीय उत्पादनको मूल्य शृङ्खलाका विकाससँग सम्बन्धित अन्तर सहकारी कारोबारलाई बढावा दिने गरी संयोजन गर्न सक्नेछ ।

(३) अन्तर सहकारी कारोबारमा संलग्न विभिन्न संस्थाका सदस्यहरूबाट उत्पादित उपज अग्रणी संस्था (लड को अपेरेटिभ) को अवधारणाबाट कुनै एक संस्था मार्फत सङ्कलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन् ।

(४) सहकारी संघसंस्थाहरू बीच शेयर खरीद बिक्री, बचत स्वीकार तथा कर्जा लिन दिन सकिनेछ

(५) एक सहकारी संस्थाको सदस्यले नेपालभरको अर्को कुनै सहकारी संस्थाबाट विद्युत्तीय प्रणाली मार्फत आफ्नो खातामा रकम जम्मा गर्न र आफ्नो खातामा रहेको बचत रकम झिक्न सक्ने गरी संस्थाहरूको बीचमा अन्तर सहकारी कारोबार गर्न सकिनेछ ।

४६. मुद्धा हेर्ने सम्बन्धी व्यवस्थाा

(१) ऐनको दफा ८१ अनुसार सजायं हुने कसुरको हकमा संघीय प्रदेश

कानूनमा भएको व्यस्था अनुसार नै मुद्धाको अनुसन्धान गरी दर्ता हुनेछ।

(२) ऐनको दफा ८२ अनुसार सजायं हुने कसुर गरेको पाइएमा नेपालको प्रचलित कानून वमोजिम अनुसन्धान गरी दर्ता अधिकारी समक्ष मुद्दा दर्ता गर्न नगर पालिकामा रहेको कानून अधिकृतलाई दर्ता अधिकारीले अनुसन्धान अधिकारी तोक्नेछ ।

(३) अनुसन्धान अधिकारीले नेपालको प्रचलित कानून वमोजिम अनुसन्धान प्रकृया पूरा गरी आफ्नो राय सहित दर्ता अधिकारी समक्ष पेश गर्नेछ ।

(४) दर्ता अधिकारी आवश्यक प्रमाण बुझी कसूरको प्रकृति र मात्रा हेरी ऐन बमोजिम जरिवाना गर्नेछ ।

४७. **अनुसूचीमा हेरफेर गर्न सक्ने** : नगर कार्यपालिकाले आवश्यक देखेमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

४८. **सहकारी संघ-संस्था संचालनको आधार** : सहकारीका सिद्धान्त र मूल्य मान्यता हुने

यस नियमावलीमा अन्यत्र जुनसुकै कुराहरू लेखिएको भएतापनि सहकारी संघ संस्था संचालनको मूल आधार सहकारीका सिद्धान्त र मूल्य मान्यता हुनेछन् जो निम्नअनुसार हुनेछ ।

निम्न

सिद्धान्तहरू

१. **पहिलो सिद्धान्त : स्वेच्छिक तथा खुला सदस्यता-** सहकारीहरू लैंगिक, सामाजिक, जातिय, राजनैतिक र धार्मिक भेदभाव रहित, सदस्यको जिम्मेवारी स्वीकार गर्ने तथा सेवा उपयोग गर्न सक्षम सबै व्यक्तिहरूका लागि खुला पहुँच भएका स्वेच्छिक संगठनहरू हुन् ।

२. **दोश्रो सिद्धान्त : सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण-** सहकारीहरू तिनका सदस्यहरूद्वारा प्रजातान्त्रिक बिधिबाट नियन्त्रित संगठनहरू हुन् । सदस्यहरू सहकारीको नीति तर्जूमा एवं निर्णय निर्माणमा सकृयतापूर्वक भाग लिन्छन् । संस्थाको कार्य सञ्चालनका लागि निर्वाचित पुरुष तथा महिला प्रतिनिधिहरू शेयर सदस्यहरू प्रति जवाफदेही हुन्छन् । प्रारम्भिक सहकारीहरूमा सदस्यहरूको समान

मताधिकार (एक सदस्य, एक मत) रहन्छ । अरु तहका सहकारीहरू (संघहरू) पनि प्रजातान्त्रिक तवरले संगठित हुन्छन् ।

३. **तेश्रो सिद्धान्त : सदस्यको आर्थिक सहभागिता-** सदस्यहरूले आफ्नो संस्थाको पूँजीमा समतामूलक सहभागीता र क्रियाकलापमा प्रजातान्त्रिक विधिले नियन्त्रण गर्दछन् । सदस्यहरूले पूंजीमा गरेको योगदान वापत लाभांश भएमा सामान्यतः सीमित लाभ प्राप्त गर्दछन् । साधारण सभाको माध्यमद्वारा सदस्यहरूले देहायका वा कुनै वा सबै उद्देश्यहरूमा लाभांशको निश्चित अंश छुट्याउने छनः जस्तै सहकारी विकास, सदस्यहरूको सहकारीमा हुने कारोवारको अनुपातमा फाइदा लिन पाउने व्यवस्था, तथा सदस्यहरूद्वारा स्वीकृत अरु क्रियाकलापलाई टेवा दिने ।

४. **चौथो सिद्धान्त : स्वायत्तता तथा स्वतन्त्रता-** सहकारीहरू यसका सदस्यहरूद्वारा नियन्त्रित स्वायत्तः र स्वावलम्वी संगठनहरू हुन् । सहकारीले सरकार वा अन्य निकायहरूबाट बाह्य श्रोतको रूपमा पूँजी जुटाउने सम्झौता गर्छ भने सदस्यहरूद्वारा गरिने प्रजातान्त्रिक नियन्त्रणको पद्धति र आफ्नो सहकारीको स्वायत्तता सुनिश्चित हुने व्यवस्था मिलाउने छन् ।

५. **पाँचौ सिद्धान्त : शिक्षा, तालिम र सूचना-** सहकारीहरूले आफ्ना सदस्यहरू, निर्वाचित प्रतिनिधिहरू एवं प्रवन्धक तथा कर्मचारीहरूलाई आफ्नो संस्थामा प्रभावकारी रूपले योगदान दिनसक्ने तुल्याउन शिक्षा र तालिम प्रदान गर्नेछन् । सहकारीहरूले सर्वसाधारण खास गरी युवाहरू र बौद्धिक व्यक्तित्वहरूलाई सहकारीको बिषयमा र सहकारीताको फाइदाका बारेमा जानकारी गराउने छन् ।

६. **छैठौं सिद्धान्त : सहकारीहरू वीच सहयोग-** सहकारीहरूले आफ्ना सदस्यहरूलाई अत्यन्त प्रभावकारी रूपमा सेवा पुऱ्याउनेछन् र सहकारी अभियानलाई स्थानिय, राष्ट्रिय, क्षेत्रीय र अन्तरराष्ट्रिय संगठनहरूसंग आबद्ध गरी सहकारी अभियानलाई सुदृढ बनाउने छन् ।

७. **सातौं सिद्धान्त : समुदाय प्रति चासो-** सहकारीहरूले सदस्यहरूको आवश्यकताहरू र आकांक्षाहरूप्रति केन्द्रित हुंदै सदस्यहरूको समुदायको दीगो विकासका लागि कार्य गर्दछन् ।

मूल्यहरू :

क. आधार मुल्यहरू

१. **आत्मसहयोग/स्वावलम्वन :** प्रत्येक सहकारी संस्थाहरू आफ्नो काम आफैले गर्नु पर्दछ, अरुमाथि भर परेर आफ्नो उन्नति हुँदैन । परमूखी सोचमा संस्था स्थापना गर्नु हुदैन भन्ने विस्वास गर्दछन् ।

२. **स्वःउत्तरदायित्व :** आफ्नो उन्नतिको जिम्वेवारी वहन आफैले गर्नु पर्दछ। सहकारी संस्थाहरूको गठन र नियन्त्रण सदस्यहरूद्वारा हुने र सम्पूर्ण क्रियाकलापहरूको जिम्मा पनि सदस्यहरूद्वारा नै लिईने हुँदा यसमा स्वः उत्तरदायित्वको भावना हुन्छ ।

३. **प्रजातन्त्र :** सदस्यहरूको सहभागितात्मक प्रजातान्त्रिक विधिद्वारा संगठनको क्रियाकलापहरू सुव्यवस्थित गर्ने उत्तम तरीका हो । सहकारी संस्था स्वयंका लागि सदस्यहरूद्वारा नै स्थापना गरिने भएकाले संस्थामा सदस्यहरूको सकृय सहभागिता, समान हक र समान दायित्व हुन्छ। एक व्यक्ति एक मतको सिद्दान्तमा आधारित रहेर निर्वाचन गरिन्छ ।

४. **समानता :** सदस्यहरू वीच भेदभाव रहित व्यवहार हुनु पर्दछ । राजनीतिक, धार्मिक, वर्ण, जाती, रंग आदिका आधारमा कसैलाई पनि भेदभाव गर्नु हुदैन ।

५. **समन्याय :** आर्थिक प्रतिफलको न्यायोचित वितरण, एउटा सदस्यलाई मर्का पारेर अर्को सदस्यले फाईदा नलिनु, शोषण विहिन आर्थिक सम्वन्ध कायम हुनु पर्दछ ।

६. **ऐक्यवद्धता :** एकतामा विश्वास गर्ने निश्चित उद्देश्य प्राप्तिका लागि आपसमा मिलिजुली काम गर्नु पर्दछ । समान आकांक्षा राख्नेहरूको एकीकृत प्रयासवाट नै आकांक्षा साकार हुन्छ ।

ख. नैतिक मुल्यहरू

१. **इमान्दारिता :** सहकारीको सवै भन्दा महत्वपूर्ण नैतिक मूल्य ईमान्दारीता हो । यसमा भए गरेका क्रियाकलापहरू पारदर्शि राख्ने, छलकपट नगर्ने नीति, नियम कानून सिद्धान्त आदिको अनिवार्य पालना गरिएको हुनु पर्दछ ।

२. **खुलापन :** सहकारीको सदस्यता नीति नियमको परिधि भित्र रहेर मात्र खुला रहन्छ र सदस्यता त्याग गर्ने स्वतन्त्रता रहेको हुन्छ । खुलापनको मुल्य वस्तु स्वतन्त्रताको मुल्य हो ।

अनुसूची-१
नियम ४ को उपनियम (१) क संग सम्बन्धित

(१) प्रस्तावित संस्था गठन गर्न इच्छुक व्यक्तिहरूको प्रारम्भिक भेला बोलाउनुपर्दछ। भेलामा संस्थाको किसिमअनुसार गठन गर्न कानुनतः चाहिने न्यूनतम सङ्ख्यामा इच्छुक सबै व्यक्तिहरू अनिवार्य रूपमा उपस्थित हुनुपर्दछ। भेलामा उपस्थित व्यक्तिहरू मध्येवाट भेलाले तोकेको व्यक्तिको संयोजकत्वमा बैठक बसी देहायको कार्यसूचीमा विचार-विमर्श गरेर निर्णय लिनुपर्दछ :

१. संस्था खोल्ने विषयमा;
२. संस्थाको नाम, ठेगाना सम्बन्धमा;
३. संस्थाका उद्देश्य र कार्यहरूको निर्धारण सम्बन्धमा;
४. संस्थाको कार्यक्षेत्र तय गर्ने सम्बन्धमा;
५. संस्थाको प्रतिसेयर रकम र सदस्य प्रवेश शुल्क निर्धारण सम्बन्धमा;
६. तदर्थ सञ्चालक समितिको गठन सम्बन्धमा;
७. विनियम मस्यौदा समिति गठन गर्ने सम्बन्धमा;
८. कार्ययोजना तर्जुमा समिति गठन गर्ने सम्बन्धमा;
९. आर्थिक तथा प्रशासनिक नियमावली मस्यौदा समिति गठन गर्ने सम्बन्धमा;
१०. बचत तथा ऋणको कारोबार गर्ने संस्था भए बचत परिचालन निर्देशिका मस्यौदा समिति गठन गर्ने सम्बन्धमा;
११. सेयर र सदस्य प्रवेश शुल्कबापत रकम उठाउने र उठेको रकम जिम्मा दिने सम्बन्धमा र
१२. संस्था स्थापनाका सिलसिलामा तय गर्नुपर्ने अन्य आवश्यक विषयहरूमा।

(२) **दोस्रो प्रारम्भिक भेला**

अघिल्लो प्रारम्भिक भेलाले सुम्पेको जिम्मेवारी अनुसार विभिन्न समितिहरूले कार्य सम्पन्न गरेपछि त्यस बीचमा इच्छुक अन्य व्यक्तिहरू समेतलाई दोस्रो प्रारम्भिक भेलामा डाकी संस्थाको किसिम अनुसार गठन गर्न कानुनतः चाहिने न्यूनतम सङ्ख्या पुगेको उपस्थितिमा देहायको कार्यसूचीमा छलफल चलाएर निर्णय गर्नुपर्दछ :

१. मस्यौदा विनियम पारित गर्ने;
२. प्रस्तावित कार्ययोजना स्वीकृत गर्ने;
३. संस्था दर्ता गर्न तदर्थ सञ्चालक समितिका अध्यक्ष र अन्य दुई जना सम्मलाई अधिकार प्रत्यायोजन गर्ने;
४. संस्था दर्तापश्चात् सेयर र सदस्य प्रवेश शुल्कबापत उठेको रकम बैङ्कमा खाता खोली जम्मा गर्ने;
५. खाता सञ्चालन गर्ने व्यक्तिहरू तोक्ने;
६. स्व-घोषणा-पत्रमा सहीछाप गर्ने;
७. आर्थिक तथा प्रशासनिक नियमावलीको मस्यौदा पारित गर्ने;
८. बचत तथा ऋणको कारोबार गर्ने संस्था भए मस्यौदा बचत परिचालन निर्देशिका पारित गर्ने र
९. संस्था स्थापनाका सिलसिलामा आवश्यक अन्य विषयहरू तय गर्ने।

अनुसूची-२

नियम ४ को उपनियम (१) ख संग सम्बन्धित

विनियममा उल्लेख गर्नु पर्ने विषयहरू

प्रस्तावना

१. संक्षिप्त नाम र प्रारम्भ
२. सस्थाको नाम र ठेगाना
३. परिभाषा
४. उद्देश्य
५. कार्य
६. कार्यक्षेत्र
७. संस्थाको सदस्य
८. सदस्यताको योग्यता
९. सदस्यताका लागि निवेदन र प्राप्ति
१०. सदस्यताबाट अन्त्य
११. सदस्यको निष्कासन
१२. सदस्यताबाट राजीनामा
१३. पुन सदस्यता
१४. सदस्यताको काम,कर्तव्य र अधिकार
१५. सदस्यता खुला रहने
१६. सदस्यता प्राप्ति,पुन प्राप्ति र राजीनामा स्वच्छीक हुनु पर्ने
१७. सेयर पुँजी
१८. सदस्य बन्न कम्तीमा एक सेयर खरिद गर्नुपर्ने
१९. थप सेयर खरिद गर्न सक्ने
२०. सेयर फिर्ता वा हस्तान्तरण
२१. प्रवेश शुल्क
२२. कृतिम छेकवार नलगाइने
२३. सेयर प्रमाण पत्र
२४. सदस्यको दायित्व सीमित हुने
२५. प्रारम्भिक साधारण सभा
२६. वार्षिक साधारण सभा
२७. विशेष साधारण सभा
२८. साधारण सभाको बैठक
२९. साधारण सभाको काम,कर्तव्य र अधिकार
३०. साधारण सभाको निणर्य अनिवार्य हुने
३१. गाउँ/टोल/उपक्षेत्रीय बैठक

३२. गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरू
३३. गाउँ/टोल/उपक्षेत्रीय बैठकको कार्यब्यबस्था
३४. संचालक समिति
३५. संचालक समितिको काम कर्तब्य र अधिकार
३६. समितिको बैठक
३७. लेखा सुपरिवेक्षण समिति
३८. उत्तरदायित्व शृरुला
३९. अध्यक्षको काम कर्तव्य र अधिकार
४०. व्यबस्थापकको नियुक्ति
४१. व्यवस्थापकको काम कर्तव्य र अधिकार
४२. विशेष जिम्मेवारी
४३. कर्मचारीको नियुक्ति तथा सेवाका सर्तहरू
४४. सस्थाको कोष
४५. कोषको सुरक्षा
४६. कोषको उपयोग
४७. जगेडा कोष
४८. संरक्षित पँजी फिर्ता
४९. लाभांश वितरण नगरिने
५०. जगेडा कोषमा रकम सार्नु पर्ने
५१. बचत संकलन गर्न सक्ने /नसक्ने
५२. बचत संकलनमा सीमा
५३. ऋण दिन सक्ने
५४. ऋण प्रवाहमा सीमा
५५. ऋणबाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने
५६. साधारण सभाको स्वीकृत लिनु पर्ने
५७. सदस्य केन्द्रीयता
५८. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध
५९. कर्मचारिहरूसंगको कारोबारोमा निर्बन्धन
६०. जोखिम मूल्याङ्कन
६१. कारोबारो नगरिने
६२. कारोबारोको लेखा
६३. खाताबही
६४. आन्तरिक हिसाब जाँच
६५. वार्षिक हिसाब जाँच
६६. विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नु पर्ने
६७. अन्य आधारभूत कागजात

६८. एकिकृत सूचना पणालीमा आबद्धता
६९. रजिष्टार वा रजिष्टारबाट अधिकार प्राप्त अधिकारीसमक्ष प्रतिवेदन
७०. वित्तिय जानकारी एकाइमा प्रतिवेदन
७१. साधारण सभामा जानकारी गराउनुपर्ने
७२. हकवालाको मनोनयन
७३. हकदावी वा नामसारी
७४. निर्वाचन
७५. शपथ ग्रहण
७६. एकीकरण वा विभाजन
७७. कार्यान्वयन अधिकारी
७८. मध्यस्थता
७९. समता र समानता
८०. विनिमय संशोधन
८१. साधारण सभाले कार्यविधि बनाउन सक्ने
८२. व्याख्या गर्ने अधिकार
८३. ऐन, नियमावलीसंग बाझिएको अमान्य हुने ।

अनुसूची–३

नियम ४ को उपनियम (१) ग संग सम्बन्धित

सम्भाव्यता अध्ययन प्रतिवेदनको विषय वस्तु

१. परिचय

२. संस्था गठन गर्नु पर्ने कारणहरू

३. सदस्यताको जनसाङ्ख्यिक आधार

४. सहभागिताको औचित्य

५. व्यवसायिक सम्भाब्यता

   ५.१ सदस्य केन्द्रीयताका आधारमा ब्यवसायिक कारोबारोको अनुमान

   ५.२ सदस्यहरूको संरक्षण सुनिश्चित गर्ने आधारहरू

   ५.३ कारोबारोबाट हुने बचतको प्रक्षेपण

६. पुँजी आबस्यकता र स्रोत

   ६.१ आबस्यकताको अनुमान

   ६.२ स्रोत

   ६.३ पुँजी परिचालनका तर्क सम्मत आधारहरू

७. बजार विश्लेषण

   ७.१ नजिकको बजार

   ७.२ टाढाको बजार

   ७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरू

८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी सस्थाहरूको संख्या सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित सस्थाको औचित्य

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका सस्थाहरूमा संलग्न हुन नसक्ने कारण

१०. महिला सशक्तिकरण र सामाजिक समाबेशीकरणका आयामहरू

११. जनशक्ति व्यवस्था

१२. संस्थाको विकास र स्थायित्वका आधारहरू

अनुसूची–४

(नियम ४ को उपनियम (१) को खण्ड (घ) संग सम्बन्धित)

ब्यवसायिक कार्ययोजनाको रूपरेखा

संस्था/संघको नाम :

ठेगाना :

क. उद्देश्य

१. ....

२. ....

३. ....

ख. कार्यहरू

१. ....

२. ....

३. ....

४. ....

५. ....

६. ....

ग. आगामी ३ बर्ष पछिको अबस्था प्रक्षेपण

ग.१. सदस्यता विस्तार लक्ष्य

विवरण	पहिलो वर्ष	दोस्रो वर्ष	तेस्रो वर्ष	कैफियत
सदस्य संख्या				
महिला				
पुरुष				
जम्मा				
जम्मा सदस्यमा दलित समुदायको प्रतिशत				

ग.२. व्यावसायिक सेवा विस्तार लक्ष्य

विवरण	पहिलो वर्ष	दोस्रो वर्ष	तेस्रो वर्ष	कैफियत
सदस्यको उत्पादन खरिद				
परिमाण				
रकम रु.				
लाभान्वित हुने सदस्य जना				
सदस्यलाई वस्तु वा सेवा विक्रि				
परिमाण				
रकम रु......				

विवरण	पहिलो वर्ष	दोस्रो वर्ष	तेस्रो वर्ष	कैफियत
लाभान्वित हुने सदस्य जना				
सदस्यलाई रोजगारी अबसर सृजना प्रत्यक्ष पूर्णकालिन जना.......				
अप्रत्यक्ष पूर्णकालिन वर्षमा २०८० घण्टाको १ जनाको हिसाबमा जम्मा जना.........				
सदस्यलाई ऋण सेवा बार्षिक रमक रु....... जना				
सदस्यलाई बचत सेवा (मौज्दात) रकम रु. ..... जना				

ग.३. सहकारी गतिविधि विस्तार लक्ष्य

विवरण	पहिलो वर्ष	दोस्रो वर्ष	तेस्रो वर्ष	कै.
सदस्य शिक्षा (वार्षिक) जना				
गाउँटोल उपक्षेत्रीय सदस्य बैठकहरू आयोजना वार्षिक पटक........				
सामुदायिक विकासका योजनाहरू				

घ. पूँजीको श्रोत र उपयोग

विवरण	पहिलो वर्ष	दोस्रो वर्ष	तेस्रो वर्ष	कै.
आवश्यकता				
स्थिर पूजीतर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर आदि)				
चालु पूँजी (मौजदात मालसामान, उधारो विक्रि नगद मौजदात आदि ।				
ऋण लगानी तर्फ				
जम्मा				
श्रोत				
सेयर पूँजी				
जगेडा कोष				
अन्य				
सदस्यको बचत (सदस्यलाई ऋण दिन मात्र)				
जम्मा				

ङ. कार्यान्वयन जिम्मेवारी बाँडफाँड

ङ.१. सञ्चालक समितिको जिम्मेवारी

ङ.२. गाँउ/टोल,उपक्षेत्रीय जिम्मेवारी

ङ.३. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

ङ.४. ब्यबस्थापन कर्मचारीहरूको जिम्मेवारी

ङ.५. प्रत्येक सदस्यको जिम्मेवारी

च. कार्ययोजनाबाट सदस्यहरूको जीवनमा पर्ने प्रभाबका सूचकहरू

छ. कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधि

अनुसूची–५

(नियम ४ को उपनियम (१) को खण्ड (ङ) संग सम्बन्धित)

आवेदकहरूको विवरण फारम

क्र. स.	बाजेको नाम थर	बाबुको नाम थर	पति वा पत्नीका नाम थर	आबेदकको नाम थर	उमेर	ठेगाना	पेशा	सस्थाले लिन स्वीकार गरेको सेयरको विवरण			सम्पर्क नम्बर	औठा छाप	फोटो र फोटोमा पर्ने गरी सहिछाप
								प्रतिसेयर रकम रु.	खरीद सेयर संख्या	सेयरको जम्मा रकम रु.		औठा छाप	
१.													
२.													
३.													
४.													
५.													
६.													
७.													
८.													
९.													

अनुसूची–६

(नियम ४ को उपनियम (१) को खण्ड (च) संग सम्बन्धित)

तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फाराम

क.सं.	बाजेको नाम थर	बाबुको नाम थर	पति वा पत्नीका नाम थर	नाम थर	पद	निर्वाचित मिति	सम्पर्क नम्बर	ठेगाना	फोटो
१									
२									
३									
४									
५									
६									
७									

अनुसूची-७

(**नियम ४ को उपनियम** (२) **को खण्ड** (छ) **संग सम्बन्धित**)

भर्पाईको नमुना

भर्पाई दादै प्रस्तावित ……………………………. सहकारी सस्था लि. को तदर्थ सञ्चालक समितिका ……………………………. श्री ………………………………. आगे उक्त सहकारी संस्था लि.का सदस्यहरूको …………………………. प्रारम्भिक भेलाको मिति ………………… को निर्णयबमोजिम प्रति सेयर रु. …………………।- का दरले ……………… जनाबाट जम्मा कित्तको हुन आउने जम्मा रकम रु. ……………………….. (अक्षरुपि ……………………………. मात्र) र प्रबेश शुल्क प्रतिब्यक्ति रु. …………………।- का दरले हुन आउने रु. ………………।- (अक्षरुपि ………………………………… मात्र) गरी जम्मा रु. ……………।- (अक्षरुपि ……………………………………………….मात्र) सहकारी सस्था दर्ता भएपछि सस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझि लिई यो भर्पाईमा सहीछाप गरी …………………… कार्यालयमा पेस गरेको छु । प्राप्त रकम हाल मेरो ……………. मा रहेको ……………………हिसाब नं. …………..मा जम्मा गरी बैंक भौचर दाखिला गरेको छु । उक्त रकम संस्था दर्ता भई नियमानुसार सस्थाको आफ्नै खाता नखोले सम्म चलन नगरी सुरक्षित राख्नेछु र सस्थाको बैंक खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु। फरक परेमा कानुन बमोजिम कार्यवाही भएमा मेरो मन्जुरी छ ।

इति संवत् २०…… साल ……. महिना …… गते रोज शुभम् ।

अनुसूची-८

(नियम ४ को उपनियम (१) को खण्ड (ज) संग सम्बन्धित)

मिति २०..../.../..

श्री दर्ता गर्ने अधिकारीज्यू,
वीरेन्द्रनगर नगरपालिका, सुर्खेत ।

विषय : अधिकार प्रत्यायोजन

महोदय,

यस प्रस्तावित .... सहकारी संस्था लि. को मिति २०......./..../... मा बसेको ....भेला गरेको निर्णय अनुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानुनबमोजिम प्रक्रिया पुरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणिकरण लगायतका आबस्यक काम कारबाई गर्न निम्न दस्तखत नमुना भएको तदर्थ संचालक समितिका .... श्री .... श्री .... र .... श्री .... समेतलाई अधिकार प्रत्यायोजन गरिएको बेहोरा अनुरोध गर्दछौं ।

निजहरूले हाम्रो प्रतिनिधिको रूपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मन्जुर छौं ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको

क.सं.	नाम	ठेगाना	पद	दस्तखत नमुना
१.	श्री			
२.	श्री			
३.	श्री			

सि.नं.	सदस्यहरूको नाम थर	ठेगाना	सहिछाप
१.			
२.			
३.			
४.			
५.			

द्रस्टव्य : अधिकार प्रत्यायोजन पत्रमा आवेदक सबैको विवरण समावेश गर्नु पर्नेछ ।

अनुसूची–९

(नियम ४ को उपनियम (५) संग सम्बन्धित)

प्रस्तावित श्री .... सहकारी सस्था लि. दर्ता गर्न दरखास्त दिने

हामी तपशील बमोजिमका आबेदकहरूले प्रचलित कानुन सम्मत सहकारी सस्था स्थापना गरी आरुनो आर्थिक सामाजिक उत्थान गर्ने कार्यकारणबाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्खित कुराका साथै अन्य कुनै कुराले सहकारी सस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व.घोषणा गर्दछौं । हामी आबेदकहरू कोही पनि यहि प्रकृतिको अन्य सहकारी सस्थाको सदस्य छैनौं । बैंक वित्तीय सस्था वा अन्य कुनै सहकारी सस्था/संघ/राष्ट्रिय सहकारी बैंकको कानुन बमोजिम कालो सूचीमा परेका ब्यक्ति हैनौ । सम्पत्ति शुद्धिकरणसम्बन्धि कसुरमा सजाय पाएका ब्यक्ति हैनौं र सहकारी दर्शन सिद्धान्त मूल्य मान्यता र कानुन बमोजिम स्वाबलम्बन र पारस्परिकताको भाबनाबाट आरुनो बहुआयमिक विकासका लागि यस सस्थाको संचालन गर्न मन्जुर छौं । उपयुक्त ब्यहोरा ठीक साँचो हो । झुट्ठा ठहरे कानुन बमोजिम सहँला बुझाउँला भनि सहिछाप गर्ने :

सि. नं.	सदस्यको नाम थर	नागरिकता नं. र लिएको जिल्ला	हालको ठेगाना र सम्पर्क नम्बर	सहीछाप
१.				
२.				
३				
४.				

अनुसूची–१०

(**नियम ४ उपनियम ९ संग सम्बन्धित**)

देहायका विषयमा देहायका शर्तहरूको पालना गर्ने गरी प्रारम्भिक सहकारी संस्थाहरू दर्ता गर्न सकिनेछ ।

१. बचत तथा ऋण सहकारी : बचत तथा ऋणको कारोवार गर्ने ।

२. स्वास्थ्य सहकारी : सम्बन्धित निकायको इजाजत लिने गरी स्वास्थ्य सेवा संचालन गर्ने ।

३. उपभोक्ता सहकारी : समुदाय र सदस्यहरूलाई सुपथ मूल्यमा गुणस्तरिय दैनिक उपभोग्य सामानहरू बिक्रि गर्ने ।

४. कृषि सहकारी : चिया उत्पादन, चिया प्रशोधन उद्योग व्यवसाय संचालन र बजारिकरण सम्बन्धी कार्य गर्ने, कफी उत्पादन, कफी प्रशोधन उद्योग व्यवसाय संचालन र बजारिकरण सम्बन्धी कार्य गर्ने, तरकारी तथा फलफूल उत्पादन, तरकारी तथा फलफूल उत्पादन प्रशोधन उद्योग व्यवसाय र बजारिकरण सम्बन्धी कार्य गर्न कृषि विउ विजन उत्पादन र विक्रि वितरण अदुवा उत्पादन, प्रशोधन र विक्रि वितरण ।

५. मौरी पालन : मौरी पालन, मह भण्डारण र प्रशोधन सम्बन्धी उद्योग व्यवसाय र बजारिकरण सम्बन्धी कार्य गर्ने ।

६. दुग्ध सहकारी : पशु पालन, दुग्ध उत्पादन, प्रशोधन उद्योग व्यवसाय र बजारिकरण, पशु विमा ।

७. साना किसान सहकारी/कृषि : कृषि उत्पादन, पशुपालन, तरकारी तथा फलफूल उत्पादन, माछा पालन, पंछी पालन, मौरी पालन, कृषि सामाग्री तथा उपभोग्य सामाग्रि बिक्री वितरण, कृषि उपज प्रशोधन तथा भण्डारण र बचत तथा ऋण परिचालन ।

८. पर्यटन सहकारी : सम्बन्धित निकायबाट इजाजत लिने गरी होटल, लज र रिसोर्ट संचालन वा अन्य पर्यटन व्यवसाय संचालन ।

९. विद्युत सहकारी : विद्युत उत्पादन र विक्रि वितरण

१०. सञ्चार सहकारी : संचार सम्बन्धी कार्य, एफ एम संचालन ।

११. शैक्षिक सहकारी : शिशु स्याहार केन्द्र , विद्यालय कलेज स्थापना संचालन गर्ने, शैक्षि सामाग्री उत्पादन र विक्रि वितरण गर्ने

१२. जडिवुटी सहकारी उत्पादन, प्रशोधन र विक्रि वितरण

अनुसूची–११

(नियम ५ को उपनियम (१) संग सम्बन्धित)

संस्था दर्ता किताबको नमुना

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिका कार्यालय

सहकारी संस्था दर्ता किताप दर्ता नं.	निर्णय मिति	संस्थाको नाम, ठेगाना	वर्गीकरण	सदस्य सङ्ख्या				जम्मा प्राप्त सेयर पुजी रु.	जम्मा प्राप्त प्रवेश शुल्क रु.	अध्यक्षको नाम, थर	दर्ता गर्ने अधिकारीको दस्तखत	कैफियत
				म	पु	अ	जम्मा					

अनुसूची-१२

(नियम १२ संग सम्बन्धित)

लेखा समितिको वार्षिक प्रतिवेदन

सहकारी संस्थाको नाम, ठेगाना : .... आ.व.: ....

१. अघिल्लो साधारण सभाको निर्णयहरूको कार्यान्वयनको अवस्था :

२. आ.व. .... मा बसेको बैठक संख्या निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्था :

३. ऋण लागानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :

४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी संक्षिप्त विवरण :

५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू :

६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :

६.१ पारिश्रमिक :

६.२ भत्ता :

६.३ अन्य सुविधाहरू :

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :

७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको :

७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको :

७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको :

७.४ कार्यरत कर्मचारीहरू र कार्यवोझ बीच तादम्यता रहेको/नरहेको :

७.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण :

७.६ कर्मचारीहरूको भर्ना प्रक्रिया र संख्या :

७.६.१ करार :

७.६.२ अस्थायी :

७.६.३ स्थायी :

८. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था :

९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :

१०. लेखा समितिको सुझावहरू :

१०.१.

१०.२.

लेखा समितिको संयोजक .... दस्तखत

लेखा समितिको सदस्य .... दस्तखत

लेखा समितिको सदस्य .... दस्तखत

अनुसूची–१३

(नियम २१ संग सम्बन्धित)

दर्ता अधिकारी समक्ष बुझाउनु पर्ने वार्षिक विवरण

१. संस्थाको नाम र ठेगाना :

२. मुख्य उद्देश्य/कारोवार :

३. संस्थाको कार्य क्षेत्र :

४. शेयर सदस्य संख्या :

४.१ जम्मा :

४.२ पुरुष :

४.३ महिला :

५. संस्था आवद्ध रहेको संघ :

६. स्थायी लेखा (PAN) नम्बर :

७. कारोबारको विवरण :

७.१ चुक्ता शेयर पूँजी रु :

७.२ आ.व.को अन्त्यमा रहेको बचत निक्षेप रकम रु :

७.३ आ.व.को अन्त्यमा शेयर सदस्यहरूलाई गरिएको ऋण लगानी रु :

७.४ आ.व. को अन्त्यसम्म अन्य संस्था/संघ वा अन्य निकायहरूमा शेयर लगानी गरिएको रकमको विवरण :

क.सं.	संस्था/संघको नाम, ठेगाना	शेयर संख्या	शेयर रकम	कैफियत

७.५ उत्पादन :

७.६ बिक्री :

७.७ नाफा नोक्सान :

७.८ हालसम्मको जगेडा कोष रु :

७.९ अन्य संघ संस्था फर्ममा रहेको लगानी रु :

७.१० बुझाउनु पर्ने वा बुझाएको आयकर :

७.११ बुझाएको अन्य कर, दण्ड जरिवाना, शुल्क आदि :

८. कर्मचारी संख्या :

९. लेखापरीक्षण भएको पछिल्लो आर्थिक बर्ष र लेखा परीक्षण गर्ने संस्था र व्यक्तिको नाम ठेगाना :

१०. साधारण सभा सम्पन्न भएको मिति :

११. सञ्चालक समितिको निर्वाचन भएको मिति :

१२. सञ्चालक समितिको पदावधि सकिने मिति :

१३. प्रबन्धक वा व्यवस्थापन प्रमुखको नाम ठेगाना र सम्पर्क फोन :

१४. स्थिर सम्पत्तिको विवरण र प्रचलित मूल्य :

१५. सञ्चालक समितिको पदाधिकारीको विवरण :

क्र.सं.	नाम	पद	ठेगाना	सम्पर्क फोन

प्रबन्धक/कार्यकारी प्रमुखको हस्ताक्षर :

मिति :

अध्यक्षको हस्ताक्षर :

मिति :

आज्ञाले,

कृष्ण बहादुर खड्का

प्रमुख प्रशासकीय अधिकृत

सहकारी नियमावली, २०७५, मूल्य रू. २०।-